अजिरकोट गाउँपालिका

गाउँ कार्यपालिका

गोरखा

बैठक नं. १४८

मिति : २०८३।०३।०५ गते शुक्रबार

आज मिति २०८३ साल असार ०५ गते शुक्रबारका दिन अजिरकोट गाउँपालिका, गोरखाका अध्यक्ष श्री दीपक देवकोटाज्यूको अध्यक्षतामा देहाय बमोजिमका पदाधिकारी ज्यूहरुको समउपस्थितिमा गाउँ कार्यपालिकाको १४८ औं बैठक बसी तपसिल बमोजिमको निर्णय गरियो ।

**उपस्थिति**

१ गाउँपालिका अध्यक्ष श्री दीपक देवकोटा

२ गाउँपालिका उपाध्यक्ष श्री अनिता भुजेल

३ १ नं वडा अध्यक्ष श्री मनोज गुरुङ

४ २ नं वडा अध्यक्ष श्री कृष्ण बहादुर गुरुङ

५ ३ नं वडा अध्यक्ष श्री बाबुराम अधिकारी

६ ४ नं वडा अध्यक्ष श्री जङ्ग बहादुरगुरुङ

७ ५ नं वडा अध्यक्ष श्री विर्ख ध्वज गुरुङ

८ कार्यपालिका सदस्य श्री सर्दिक्षा गुरुङ

०९. कार्यपालिका सदस्य श्री बिन्दा थामाङ

१० कार्यपालिका सदस्य श्री उमा गुरुङ

११ कार्यपालिका सदस्य श्री कमला सुनार

१२ कार्यपालिका सदस्य श्री सनिल परियार

१३ कार्यपालिका सदस्य श्री धनराज घले

१४ आमन्त्रित सदस्य श्री बेल बहादुर परियार

१५ प्रमुख प्रशासकीय अधिकृत श्री ज्ञानुराम पन्थी

**व्यवस्थापन सहयोगी**

श्री लाल प्रसाद पौडेल प्रशासकीय अधिकृत

श्री इश्वर थापा वरिष्ठ लेखा सहायक

श्री जगजित कापर व प्रशासन सहायक

अजिरकोट गाउँपालिका

मिति २०८३।०३।०५ गते शुक्रबार

**गाउँ कार्यपालिकाको १४८ औं बैठकका प्रस्तावहरु**

**प्रस्ताव नं. १** - कार्यपालिका बैठकका निर्णयहरु कार्यान्वयनको समिक्षा गर्ने ।

**१. पृष्ठभूमी**

अजिरकोट गाउं कार्यपालिकाको २०८३ जेष्ठ २७ गते १४७ औं बैठकमार्फत विभिन्न निर्णयहरु भई कार्यान्वयनको अवस्थामा रहेका ।

**२. प्रस्ताव पेश गर्नुपर्ने कारण र औचित्य**

अजिरकोट गाउंकार्यपालिकाका बैठकका निर्णयहरु समिक्षा गर्दै सार्थक तथा गुणस्तरिय कार्यान्वयन तथा सो को पृष्ठपोषणकको लागि समिक्षा गर्नुपर्ने भएको ।

**३. निणर्यका आधार र कानूनी व्यवस्था**

स्थानिय सरकार संचालन ऐन, २०७४ तथा प्रचलित कानून वमोजिम स्थानीय तहले आफ्ना निर्णयहरु तथा विकास निर्माण कार्यको कार्यान्वयनको समिक्षा गर्नुपर्ने प्रावधान रहेको ।

**४. निर्णय हुनुपर्ने व्यहोरा**

अजिरकोट गाउं कार्यपालिकाको १४७ औं वैठकमाफत भएका तपसिलका निर्णयहरु कार्यान्वयनको अवस्थाको समिक्षा गरियो ।

| क.स. | निर्णय | कार्यान्वयनको अवस्था | कैफियत |
|---|---|---|---|
| १ | आ.व. २०८३।०८४ को लागि सभाको मिति तय गर्ने । | आ.व.२०८३।०८४ को १९ औं अधिवेशनको नीति तथा कार्यक्रम अषाढ ५ गते र वजेट प्रस्तुत अषाढ १० गते गर्ने तय भएको । | |
| २ | सेवा करारमा कर्मचारी भर्ना गर्ने । | प्रक्रियामा रहेको । | |

**प्रस्ताव नं २** - **आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम स्वीकृत गर्ने ।**

**१ पृष्टभूमि:**

स्थानीय सरकारले प्रचलित कानून अनुसार गाउंसभामा आगामी आ.व. को नीति तथा कार्यक्रम पेश गर्नुपर्ने भएको ।

**२ प्रस्ताव पेश गर्नुपर्ने कारण र औचित्य**

आ.व. २०८३/०८४ को आ.व. को नीति तथा कार्यक्रम गाउंकार्यपालिकावाट स्वीकृत गरी गाउं सभाको मिति २०८३ अषाढ ०५ गते बस्ने १९ औं गाउं सभामा प्रस्तुत गर्नुपर्ने भएको

**३ निर्णयका आधार र कानूनी व्यवस्था:**

नेपालको संविधान, स्थानीय सरकार सचालन ऐन, २०७४ र स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७७ (गण्डकी प्रदेश), स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ बमोजिम गाउं सभाले आगामी आ.व. को नीति तथा कार्यक्रम स्वीकृत गर्नको लागि गाउंकार्यपालिकावाट स्वीकृत गरी गाउं सभामा पेश गर्नुपर्ने प्रावधान रहेको ।

**४ निर्णय हुनुपर्ने व्यहोरा:**

आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम गाउंकार्यपालिकावाट स्वीकृत गरी मिति २०८३ अषाढ ०५ गते बस्ने गाउंसभाको१९ औं अधिवेशनमा प्रस्तुत गर्ने ।

**प्रस्ताव नं. ४ विविध**

**२ तपसिल बमोजिमको** योजनाहरुमा निम्न अनुसारको बजेट विनियोजन गर्ने ।

| क्र.स. | योजनाको नाम | ठेगाना | विनियोजित बजेट (रु) | बजेट शिर्षक | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्रभा मा वि शौचालय मर्मत | अजिरकोट , २ | ६०००० | सार्वजनिक निर्माण , मर्मत | |
| २ | भट्ट गाउ स्टोन पिचिग | अजिरकोट , २ | २५०००० | सार्वजनिक निर्माण | |

**निर्णय** : माथि उल्लेखित प्रस्तावहरु सम्बन्धमा छलफल गरी प्रस्तावित निर्णयका व्यहोराहरुलाई सर्वसम्मत रुपमा पारित गरियो ।